"खुसी र समृद्धी:अवको रुन्टीगढी "

# आ.व. २०८०/०८१ का लागि रुन्टीगढी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

रुन्टीगढी गाउँपालिकाको सम्मानित र गरिमामय १४ औं गाउँ सभाको प्रथम बैठकमा आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरुसमक्ष उभिएको छु। जनताको अधिकार जनताका लागि प्रयोग र अभ्यास गर्न विशेष जिम्मेवारी बोधकासाथ रुन्टीगढी गाउँपालिकाबासीहरुका लागि जीवनरेखा कोर्ने अठोट र प्रयत्नसहित यो पूनित अवसर र स्थानमा प्रस्तुत हुन पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु।

यस महत्वपूर्ण अवसरमा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका विभिन्न ऐतिहासिकजनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण नगरी रहन सकिन।राजनैतिक-सामाजिक रुपान्तरणको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै नेतृत्वगण एवं अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु। विभिन्न कालखण्डमा भएका जनआन्दोलन र संघर्षमा जीवन वलिदान गर्नेमहान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै बेपत्ता र द्वन्द्वपिडित नागरिकहरुलाई सम्मान गर्दै बलिदानिपूर्ण संघर्षको योगदान हाम्रा लागि सदैब प्रेरणादायी र मार्गदर्शकको रुपमा रहनेछ। यी संघर्ष र आन्दोलनमा रुन्टीगढी बासी नागरिकले पुर्याएको योगदानले हामीलाई सदैवकर्तब्य पथमा डोर्याउन सहयोग पुर्याउने छ।

जनचाहनालाई आत्मसाथ गर्दै नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ। नयाँ जनादेश सहित निर्धारित समयमा नै रुन्टीगढी गाउँसभा/कार्यपालिकाको गठन भएर लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रहदै समाजवादप्रति प्रतिबद्ध, दिगो विकास, शुसासन र सम्बृद्धिको चाहना पूरा गर्ने दिशामा यो स्थानीय सरकार अग्रसर रहदै अगाडि बढेकोकुरा निवेदन गर्न चाहन्छु ।

**सभासदज्यूहरु,**

संघीयताको जगमा स्थानीय सरकार मार्फत शिक्षा, स्वास्थ्य रोजगार घरघरमा अधिकार जस्ता सिद्दान्त र नारालाई साकार पार्न जिम्मेवारीसहित हामी निरन्तर प्रयत्नशिल छौं । यो हाम्रोलागि अवसर र चुनौति दुबै हो। साधन स्रोत , अधिकार एवं उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा निक्षेपित गरी जनतालाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागत योग्य छ। रुन्टीगढी गाउँपालिकाको स्थानीय सरकारले यस पालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने, पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको उत्थान तथा मूलप्रवाहीकरण हुने, आम्दानीका स्रोतमा बृद्धि हुने, रोजगारी सृजना हुने,गाउँपालिकाको बहुआयामिक पहिचान स्थापित हुने, कृषि, पर्यटन तथा उत्पादनमा बहुआयामिक र व्यबसायिक विकासमा योगदान पुग्ने प्रकृतिका योजना तर्जुमा गर्ने, सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा अर्थपूर्ण सहभागी गराउने, स्थानीय मागमा आधारित रही यस क्षेत्रको माटो हावापानी सुहाउँदो कार्यक्रम एवं विकासका

गतिविधिहरु संचालन गरि समग्रमा यस क्षेत्रका  जनताको जीवनस्तरमा सुधार ल्याई गरिवी निवारण गर्ने प्रमुख ध्येय यो सरकारले राखेकोछ।

**उपस्थित सदस्यज्यूहरु,**

सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्यशक्तिको प्रयोग गर्ने बैधानिकता प्राप्त भएको यस गरिमामय सभामा संघीयता कार्यान्वयनको हालसम्मको अभ्यास, अनुभव, पृष्ठपोषण र आगामी कार्यदिशा तय गर्न यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षितर गौरवान्वित महसुस गरेको छु।

समग्रमा, नेपालको संविधानको व्यवस्था गरेका प्रावधान र संघीय शासन व्यवस्थाको चरित्र बमोजिम राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन संचालन गर्न यस रुन्टीगढी गाउँपालिकामा गाउँकार्यपालिका तथा गाउँसभाको गठन भएको सन्दर्भमासंघ, प्रदेश र स्थानीय तहको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित रहि उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग र परिचालनको माध्यमबाट उपयोग,संरक्षण र सम्बर्द्धन गर्दै विकासको प्रतिफल सबै रुन्टीगढीवासीहरुले समान र न्यायोचित तरिकाबाट प्राप्त गर्ने गरी आर्थिक समुन्नतिको आधारशिला तय गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेकोछु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत गरिनेछ ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार पार्दा नेपालको संविधान,स्थानीय सरकार संचालन ऐन, अन्य सम्बद्ध ऐन तथा कानूनहरुका साथै अन्य नीतिगत मार्गदर्शन समेतलाई आधार बनाएकोछु ।

समग्रमा, अघिल्ला आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन हुदै आएका छन। हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन, नीति तथा कार्यक्रमहरु जनमुखी छन र कार्यान्वयन पनि परिणाममुखि हुनेछन।यसै सन्दर्भमा आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले जनताका चाहनाहरुलाई व्यवहारतः सम्बोधन गर्नेमा म विश्वस्त छु।गाउँपालिका भित्र कार्यान्वयन गरिने आगामी योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरि बजेट व्यवस्था हुन नसकेका योजनाहरुलाई योजना बैंकमा समावेश गर्दैप्रदेश र संघीय मन्त्रालयका साथ साथै अन्य दातृ निकायसँगको साझेदारीमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ। विकास योजनाहरुलाई निश्चित पद्धतीमा आवद्ध गरी लैजान चालु आ.व. नै आवधिक योजना निर्माण सम्पन्न गरीएकोछ ।आगामी पाँच वर्ष भित्र मध्यमकालिन खर्च संरचना (Mid-Term Expenditure Framework), जियो स्पेशियल बेश्ड(Geo Spatial Based) योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ। दिगो विकासका लक्ष्यहरुलाई प्राप्त गर्न पालिकाको आवधिक योजना, वार्षिक बजेट एवं मध्यमकालिन खर्च संरचना (Mid-Term Expenditure Framework) सँग तालमेल गराईआन्तरिकीकरण गरिनेछ ।

**उपस्थित सदस्यज्यूहरु,**

कृषि क्षेत्रलाईआधुनिकीकरण, व्यवसायीमूलक रआत्मनिर्भरमुखी बनाउन विषेश पहल कदमी लिइनेछ।वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई सिपमूलक, व्यवसायमूलक स्वरोजगारीमा आबद्ध हुन प्रेरित गरिनेछ।पर्यटन क्षेत्रको विकासको लागि रुन्टीगढी गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान,  संरक्षण,सम्दर्द्धन एवं प्रचारप्रसार गरी स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा  पर्यापर्यटन उद्योगको विकास गर्दै त्यसको प्रत्यक्ष लाभ जनस्तर सम्म पुर्याइनेछ।

स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउदै सबैको सहज र समान पहुँच सुनिश्चित गरिनेछ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाका कार्यक्रम ल्याईनेछ।अन्तरपुस्ता स्थान्तरणको सिद्धान्तलाई आत्मसात गरी उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण, संबर्द्धन र वातावरण अनुकुल दिगो गर्दै उपयोग गरिनेछ।आबश्यकता अनुसार सूचना प्रविधिको विस्तार गरि त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच स्थापित गरिनेछ।

**उपस्थित सदस्यहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति माग्दछु।**

**क आर्थिक विकास**

१ कृषि तथा पशुपन्छी क्षेत्र विकास नीति

- **"अभ्यास गरौ जैविक खेतिको, जोखिम लिनुपर्दैन क्षतिको"**भन्ने मान्यतालाई आत्मसाथ गर्दै कृषि उत्पादनमा जैविक मल, जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- आर्थिक बृद्धि र रोजगारीको प्रमुख सम्बाहकको रुपमा रहेको कृषि व्यबसायलाई आधुनिक र प्रविधियुक्त बनाउदै सम्मानित व्यवसायको रुपमा विकास गर्ने नीति लिइने छ ।
- गाउँपालिका भित्र पशु तथा कृषि उपज संकलन केन्द्रको व्यवस्थापनबाट खेतबारी देखि कृषि हाटबजार सम्म कृषि सडकको विस्तार तथा सुधार गरि कृषि उपजको बजार पहुँच बढाउने साथै लागत घटाउने नीति लिईनेछ।
- मसलाबाली तर्फ लसुन, प्याज, अदुवा, तथा तरकारीबालीहरुका साथै टिमुर, अलैचि, दालचिनी, अमला लागायत जडिबुटीजन्य उत्पादनलाई व्यवसायीक बनाईनेछ।
- गुणस्तरीय, उन्नत तथा बर्णसंकर बीउ उपयोग गरि आत्मनिर्भर हुने र जलबायु परिवर्तका असरलाई सहन सक्ने वातावरण अनुकुलन मैत्रि स्थानीय बीउविजनको अनुसन्धान र विकासमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय र सहकार्यमा काम गर्ने नीति लिइनेछ।
- कृषियोग्य जमिनको खण्डीकरण रोकि एकल, समुह वा सहकारी मार्फत जमिन चक्लाबन्दिमा लागि उत्पादन बृद्धि गर्ने नीति लिईनेछ। किसानको हकहित संरक्षण र संबर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग कार्यविधि तयार गरि लागू गरिनेछ। साथै अर्गानिक खेति प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- वडा नं १,२,र ३ को तल्लो क्षेत्रमा मह उत्पादन पकेट क्षेत्र, वडा नं ४ र ५ मा बीउ उत्पादन पकेट क्षेत्र, वडा नं ६ मा अलैचि, किवी, आलु उत्पादन क्षेत्र, वडा नं ७ र ८ मा अम्बा, आँप, मेवा, कागती तथा अन्य फलफुल उत्पादन पकेट क्षेत्र र वडा नं १,३,६र ९ मा बाख्रापालन पकेट क्षेत्रका रुपमा विकास गरिनेछ। साथै हावापानि र मौसमको सुहाउदो हुने गरि स्याउ, सुन्तला, कागती, प्रजाति जस्ता फलफुल उत्पादनमा बृद्धि गर्न सबै वडाहरुमा वोटविरुवा वितरण कार्यक्रम ल्याईनेछ।
- पशुपालनमा सहयोग होस भन्ने हेतुले बहुबर्षिय डाले घाँस तथा भुई घाँस अनुदान कार्यक्रमलाई प्राथमिकताकासाथ लागू गरिनेछ।साथै एक वडा एक कृषि पशु सेवा प्राविधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- पालिका क्षेत्रमा मौरीपालन माछापालन, फलफुल, बाख्रापालन तथा तरकारी जस्ता क्षेत्रलाई पकेट क्षेत्रको रुपमा बिकास गरी आत्मनिर्भर बनाउन विभिन्न अनुदान,प्रविधि सहायता,बिमा तथा बजारीकरण जस्ता कार्यको व्यवस्थागरिनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रम सम्बन्धी संघीय सरकारले लिएको नीतिलाई यस पालिकामा पनि लागू गरिनेछ। उक्त कार्य कृषक कार्यविधि बनाई अघि बढाईनेछ।
- पोस्ट हार्भेस्टिङको सिप विकास तालिम संचालन गरि सामाग्री उपलब्ध गराउने नीति ल्याईनेछ।
- उत्पादन प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराई बेमौसमि खेति प्रणाली अबलम्बनमा किसानहरुलाई प्रोत्साहन गरिनेछ।
- कृषिको संभाव्यता अध्ययन गरि किसानलाई सहुलियतपूर्ण ऋण र अनुदानको प्रबन्ध मिलाईनेछ।
- दुधजन्य र मासुजन्य उत्पादन तथा बिक्रि केन्द्रको स्थापना गरिनेछ।
- **कृषि,पशुपंक्षी** तथा मत्स्य तथ्याङक अध्यावधिक कार्यक्रम,ईपिडिमियोलोजी रिपोर्टिङ र पशु आहारा जस्ता कार्यक्रम संचालन गरिने छ ।
- **कृत्रिम** गर्भाधारण कार्यक्रम मार्फत नक्ष्ल सुधार गरि पशुजन्य उत्पादनमा बृद्धि गरिने छ ।
- **युवाहरुको** ज्ञान सिप र क्षमतालाई कृषि पेशामा आकर्षित गर्न युवा लक्षित कृषि तथा पशुपंछी बिषेश कार्यक्रम ल्याईने छ ।
- **रैथाने** वालीलाई प्रवर्द्धन गर्दै खाद्यान्न वाली उत्पादन बृद्धिका लागि कृषकलाई उन्नत जातको बिउ वितरण गरिने छ ।
- कृषि उत्पादनलाई बजारसंग जोडन गाउँपालिका केन्द्रको साथै प्रत्येक वडामा तरकारी संकलन केन्द्र तथा उप केन्द्र स्थापना गरिने छ ।
- जमिन भाडामा वा लिजमा लिएर ब्यबसायीक कृषि गरिरहेका किसानहरुलाई जमिन बहाल भाडा अनुदान दिने व्यवस्था गरिने छ ।
- वडा नं. ४,५,६,७र ९ बजार उन्मुख क्षेत्रलाई मध्यनजर गरी दुग्ध बिकास कार्यक्रम सञ्चालन गरने नीति लिईनेछ ।
- ५० प्रतिशत अनुदानमा तरकारीको बिउ तथा फलफुलको विरुवा वितरण गर्ने कार्यको थालनी गरीनेछ ।
- **"एक घर एक करेसा वारी, सबैको भान्सामा तरकारी"** स्वास्थ्य र पोषण सुधारको लागि घर घरमा करेसावारीको निर्माण गर्न जोड दिइनेछ ।
- कृषि तथा पशुजन्य उत्पादनको नमूना केन्द्रहरु निर्माण गरी तिनलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

२ पर्यटन नीति

- रुन्टिगढी गाउँपालिकामा रहेका पर्यटक स्थलको सम्बन्धमा गरीएका सम्भाव्यता अध्ययन तथा डि.पि.आर. हरुको पुनरावलोकन गरी कार्यान्यवनमा ल्याइनेछ ।

- रुन्टीगढीमा पहिचानमा आएका पर्यटकीय स्थललाई आकर्षक पर्यटकीय केन्द्रको रुपमा विकास गरि पर्यटन आगमनमा प्रोत्साहन गरिनेछ साथै प्रदेश सरकारबाट निर्माण भइरहेको हिल स्टेशनको अवधारणालाई मूर्तरुप दिन सरोकारवालाहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने प्रकृतिका प्रचारात्मक र प्रबर्धनात्मक कार्यक्रम संचालन गरिनेछ । यसका लागि सम्बन्धित संघ सस्थाहरुसंग अन्तर समन्वयात्मक सम्बन्ध विकास गरिनेछ ।
- पर्यापर्यटन,मनोरञ्जन र पर्यटकमैत्री वातावरण सृजनाका लागि सरोकारवालाहरु विच अन्तरकृया तथा क्षमता अभिबृद्धि गर्न पर्यटन नीति बनाई लागु गरीनेछ ।
- पर्यटकीय पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षक बन्न सक्ने डिजाईनहरु निर्माण गरिनेछ।
- उँघा र खर्से ब्यारेकलाई व्ववस्थापन गर्दै पर्यटनमैत्री उद्यानको रुपमा विकास गरीनेछ
- स्थानीय खानपिन तथा परिकारहरुको ब्राण्ड तयार गरी पर्यटन प्याकेजका रुपमा विकसित गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।
- परम्परागत जिवनशैली सहितको स्थानिय खाना र सास्कृतिक व्यवहार सहितको होमस्टे निर्माण तथा संचालनको लागि प्रोत्साहनका कार्यक्रम संचालन गरीनेछ ।
- ग्रामिण पर्यटन, समुदायमा आधारित पर्यटनको विकास गर्न प्रोत्साहन गर्न ससंचालकहरुका लागि भाषागत सिप, तालिम, सरसफाई र सुरक्षा सम्बन्धी अभिमुखीकरण गरिनेछ।
- रुन्टी, गढी, शिव-पार्वती गुफा, मुरुल्ले, उमागढी, मच्छिन्द्रनाथ गुफा, चिन्नेथान, लापाल, कोप्चे, लगायतका ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक स्थानहरुको सौन्दर्यलाई प्रबर्धन गरि भ्रमण प्याकेजका रुपमा विकास गरिनेछ।
- उमागढीमा रहेको ढुङ्गे नदिलाई आकर्षक गन्तब्य सहितको पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ।
- पैदल मार्ग, लम्बीय पहाड पैदल यात्रा, साहसिक पर्यटन (बन्जि जम्प, प्याराग्लाईडिङ, जिप फ्लायर, जंगल सफारी, नाईट जंगल स्टे) संचालनका लागि दातृ निकाय तथा निजी लगानीलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय सरकार निजी क्षेत्र वच साझेदारी व्यवसाय शुरु गरीनेछ ।
- रुन्टीगढी गाउँपालिका प्रमुख पर्यटकीय स्थल दाङछिरी, म्यगजिन गढी, मुरुल्ले जोड्ने पैदल मार्ग निर्माण गरि ठाउँ ठाउँमा बिश्राम स्थल तथा रिफ्रेस प्वाईन्ट स्थापना, फोटो सुट र टिकटक हपकोसाथसाथै पिक्निक स्पोर्टको समेतव्यवस्था गर्ने गरिने छ ।
- ऐतिहासिक महत्वका रुन्टि गढीलाई संरक्षण र सम्बर्द्धन गर्न पहल गर्ने नीति लिइनेछ ।
- पर्यटनको बहुआयामिक क्षेत्र मध्य साहासिक पर्यटनका लागि सम्भाव्यता अध्ययन गरी विकास गर्ने नीति लिइनेछ ।

३ सिचाई नीति

- कृषि योग्य जमिनलाई सिचाँई उपलब्धताको आधारमा कुलो,नहर तथा पोखरी निर्माणमा जोड दिइनेछ ।

- सिचाँइको लागि मुहानको अभाव भएका तर कृषि पकेट क्षेत्रको संभावना भएका क्षेत्रमा लिफ्ट सिचाँइको लागि प्रदेश तथा केन्द्र सरकारमा पहल गरिनेछ ।
- सिंचाईका सम्भावना भएका क्षेत्रहरुमा व्यवस्थित सिंचाईको व्यवस्था गरिनेछ।

४ उद्योग घरेलु तथा वाणिज्य नीति

- समान कामको लागि समान ज्याला बनाउन "बढ्छ नारीको मान, गरे ज्याला समान"भन्ने भावनाको विकास गरिने छ ।अनुदान तथा साझेदारीमा कोसेली घर तथा साझा सुविधा केन्द्र संचालन गरिने छ । पहिलो चरणमा होलेरी बजार मा१ वटा व्यवस्थित कोशेली घर संचालन गरिने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित जडिबुटी प्रशोधन उद्योग लगायत अन्य उद्योगको स्थापना तथा अनुदानका कार्यक्रमहरु ल्याई प्रोत्साहन दिईनेछ ।
- पर्यटन,शिक्षा, स्वास्थ तथा अन्य क्षेत्रमा लागानी गर्न आउने लगानीकर्ता तथा उद्योगीलाई सुरक्षा तथा सुविधाका लागि गाउँपालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।
- वन पैदावारमा आधारित उद्योग स्थापनाको लागि संभाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइने ।
- दैनिक उपभोग्य वस्तुहरु( सावुन,तेल,चप्पल,मसला मिनिरल वाटर आदि ) मा आधारित उद्योग संचालन गरीने र त्यसका लागि समूह सहकारीसंग साझेदारी गरीनेछ ।
- सरकारी निजी साझेदारी उद्योग व्यवसाय, व्यापार सञ्चालन गर्ने नीति ल्याइनेछ ।

५ सहकारी वित्तिय नीति

- गाउँपालिकाभित्रका सबै सहकारीहरुको संरक्षण तथा सहकारी सदस्यहरुको क्षमता विकासका लागि आवश्यक नीति लिईनेछ ।
- सहकारी संस्थाको आर्थिक कारोवारलाई ब्यवस्थित बनाउन Online Data (COPOMIS) System कार्यन्वयनमा ल्याईनेछ ।
- गाउँपालिकाभित्र संचालन हुने कृषि, पशु विकास, आयआर्जन लगायतका कार्यक्रमहरुमा सहकारीसंस्थाहरुको साझेदारी तथा समन्वयलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका कृषि सहकारी, महिला सहकारी, बचत सहकारी लगायतका सबै प्रकारका सहकारीहरुलाई आर्थिक क्रियाकलापहरुमा जोडी सर्बसाधरणहरुलाई आर्थिक गतिविधिमा संलग्न गराईनेछ

६ वैदेशिक तथा अन्य रोजगार नीति

- स्थानीय स्तरमा रोजागरी श्रृजना हुने खालका योजनाहरु संचालन तथा कार्यन्वयन गर्ने नीति लिईने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना जस्ता विकास कार्यक्रम स्थानीय आवश्यकतासंग नजिक हुने गरी गाउँपालिकाको कृषि, पर्यटन तथा अन्य पूर्वाधारसंग जोडी संचालन गरिनेछ ।

- वैदेसिक रोजगारमा जाने यूवाहरुको लागि संचालनमा आएको सामी कार्यक्रमलाई प्रभावकारी बनाई वैदेसिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइनेछ ।

- वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्न विभिन्न अभियान तथा रोजगारका अवसरहरु श्रृजना गरिनेछ । यसको लागि रोजगारबाट फर्केका यूवाहरुको लगानी र सिपलाई पहिचान गरी स्वरोजगार हुनको लागि वैदेसिक रोजगारबोर्डको सहकार्यमा चालु आ.व.मा सिपविकास तालिम प्रदान गरीएको र सो कार्यलाई निरन्तरता प्रदान गरीनेछ ।
- स्वदेशि तथा विदेशी पालिका सगँ भगेनी सम्वन्ध स्थापना गर्न पहल गरिनेछ ।
- भगेनी सम्वन्ध स्थापना पश्चात पालिकाहरु विच आपसी सम्वन्ध सुमधुर बनाउन असल अभ्यास तथा सफल अनुभव आदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ख सामाजिक विकास

### १ शिक्षा नीति

- उच्च शिक्षाको लागि गाउँपालिका स्तरमा क्याम्पस नभएकोले गाउँपालिकाभित्र स्नातक तहसम्मको क्याम्पस संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- गुणस्तरीय, अनिबार्य तथा निशुल्क शिक्षाका लागि विद्यालय क्षेत्र विकाश योजना कार्यान्वयनमा ल्याईनेछ।
- युबाहरुलाई देशभित्रै रोजगारी प्राप्त गर्न प्रोत्साहित गर्नको लागि लोक सेवा आयोग तयारी, शिक्षक सेवा तयारी कक्षा संचालन,विभिन्न भाषा शिक्षण तथा अन्य स्वरोजगार सृजना गर्ने खालका सिप बिकासजस्ता कार्क्रम सञ्चालन गरिने छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रभावकारी कार्यन्वयनको माध्यमबाट शैक्षिक गुणस्तरमा बृद्धि, भौतिक पूर्वाधार विकास र अतिरिक्त कार्यक्रम संचालन गरिनेछ।
- दलित, अल्पसंख्यक, लोपोन्मुख जातजाति, र आर्थिक रुपले विपन्न परिवार, शहिद एवं बेपत्ता परिवारका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न शिक्षामा विशेष अवसर सुनिश्चित गरिनेछ।
- शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नका लागि पढ्दैसिक्दै सिक्दै र कमाउदै कार्यक्रम ल्याईनेछ।
- प्रत्येक बिद्यालयमा खेल मैदान  र स्वच्छ खानेपानिको प्रबन्ध मिलाउदै लगिनेछ ।
- विज्ञान प्रविधिलाई शिक्षाका सबै आयामहरुमा आबद्ध गर्दै लैजाने नीति ल्याईनेछ। विज्ञान प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ । वालविकास देखि कक्षा ३ सम्मका का विद्यालयमा डिजिटल प्रविधिबाट शिक्षण कृयाकलाप संचालन गरिनुका साथै विद्युत पहुँच पुगेका माध्यामि विद्याययहरुमा सि.सि.टी.भी.क्यामेरा जडानको व्यवस्था मिलाइनेछ ।
- प्राविधिक धारको शिक्षाको लागि पहिचान गरी संचालनको लागि पहल कदमी लिइनेछ ।
- विद्यार्थीको लागि गुणस्तरीय दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विद्यालयको व्यवस्थापकीय तथा शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालयका प्र.अ.हरु खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति गर्ने नीति ल्याइने छ र यसको सिकाइको आधारमा थप कार्य गरिने छ
- संस्थागत र सामुदायीक विद्यालयलाई निरन्तर नियमन र अनुगमन गरि पृष्ठपोषण प्रदान गरिनेछ।
- विपन्न, असहाय बालबालिकालाई पोशाक तथा शैक्षिक सामाग्री वितरण गरी विद्यालय शिक्षा प्रति आकर्शित गर्ने नीति लिइनेछ ।
- शिक्षाको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यालय तथा शिक्षकहरुलाई कार्यसम्पादनमा आधारित पुरष्कार र दण्डको व्यवस्था गर्ने नीति लिइनेछ । कक्षागत शिक्षण सिकाई,तहगत शिक्षण सिकाइका माध्यबाट उत्कृष्ट विद्यालय र शिक्षकको छनोट गरी वर्षका निश्चित रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- विद्यार्थी संख्याको नयाँ मापदण्ड निर्धारण गरी स्रोत साधन,भौगोलिक अवस्था तथा आवश्यकताकोआधारमा शिक्षक दरवन्दी मिलान गरिनेछ ।बहु शिक्षा बहु कक्षा विधि अवलम्वन गरीनेछ ।
- **"रुन्टीगढीको ईच्छा, हाम्रो विद्यालय गुणस्तरीय शिक्षा "**भन्ने आदर्श वाक्यका आत्मसाथ गर्दै विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षक अभिभावक अन्तरक्रियात्मक कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- **"प्राविधिक शिक्षा रुन्टिगढीको इच्छा"** कार्यक्रम अन्तरगतएस. ई. ई. परीक्षामा उत्कृष्ट अंक प्राप्त गरेका दलित, जनजाति, महिला, शहिद परिवार तथा आर्थिक रुपले विपन्न जेहन्दार विद्यार्थीलाई प्रत्येक वडाबाट १-१ जनाको दरले प्राविधिक छात्रवृत्ति प्रदान गर्ने नीति लिइनेछ।
- विद्यालयमा बालबालिकामैत्री पूर्वाधारहरु निर्माण गर्ने नीति तथा कार्यक्रम ल्याईनेछ।
- गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयसंग आवश्यक समन्वयगरि गरिब,जेहनदार, पिछडिएका वर्ग, विपन्न अपाङगता भएका विद्यार्थीहरुलाईछात्रवृत्ती, पोषाक, र शैक्षिक सामाग्री बितरण गरिने छ ।
- **अग्रेजी, गणित रबिज्ञान** बिषयको दरबन्दी नभएका आधारभुत तह (६–८) र माद्यामिक तह(९–१०) संचालित सामुदायिक विद्यालयमा ती विषयगत शिक्षकको ब्यबबस्थापन गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ । उक्त व्यवस्थाबाट अपुग भएमा ती विषयमा उच्च शिक्षा हासिल गरेका शिक्षकहरुलाई प्रोत्साहन तथा अभिरुचिकाआधारमा दरबन्दी मिलानको आवश्यक नीति निर्माण गरी लागु गरिनेछ ।
- **सामुदायीक** विद्यालयको शिक्षक विद्यार्थी अनुपात(STR)को आधारमा शिक्षक परिचालन सरुवा गर्ने नीति अपनईने छ ।
- माद्यामिक तहसम्म पढाईहुने सबै बिद्यालयमा एकजना खेलकुद शिक्षकको व्यवस्था गर्ने र सबै मा.बि. तहको बिद्यालयमा स्काउट रेडक्रसको गठन गर्ने व्यवस्था गरिने छ ।
- प्रधानाध्यापकको कार्यसम्पादन क्षमता मूल्याङकन गरि काम गर्नेसमय सिमा निर्धारण गरिने छ ।
- टाढाबाट माद्यामिक तह पढ्न आउने बालबालिकाको अबस्था अध्ययन गरि मा.बि.तहका बिद्यालयमा छात्रवासको व्यवस्था गरिने नीती ल्याइनेछ ।
- विद्यालयलाई संगित संग जोडन संगित कक्षा संचालन गर्न नमूनाको रुपमा केही विद्यालयबाट संगित पढाई सुरु गरिनेछ ।

- रुन्टीगढी गाउँपालिका भित्र हरित बगैचा,अनुशासन,असल संस्कार सहितको एक नमूना विद्यालय र अग्रेजी माध्यमबाट अध्यापन गर्ने गरी पहल गरीनेछ ।
- पालिका क्षेत्र भित्रका र वाहिरका नमूना विद्यालयहरुको अध्ययन अवलोकन गराई शिक्षण सिकाई आदान प्रदान गर्ने नीति लिइनेछ ।
- बालबालिकाको स्वास्थ्य तथा पोषण सुधारको लागि माध्यामिक विद्यालयहरुमा विद्यायलय नर्सको कार्यक्रम ल्याइनेछ ।
- विद्यालयमा विद्यार्थिको आँखा हेरचाह र उपचारको लागि सामुदायिक आँखा उपचार केन्द्र र नेपाल रेडक्रसको समन्वय र सहकार्यमा विद्यालयमा आँखा उपचार अभियान संचालन गरिनेछ ।

२ स्वास्थ्य नीति

- निरोगी महिला तथा निरोगी बच्चा कार्यक्रम अन्तर्गत मातृशिशु स्वास्थ्य स्याहार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्रहोलेरीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नती गरी स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन पहल गरीनेछ ।
- अस्पताल फार्मेसिलाई थप व्यवस्थित गरी सुपथ र सुलभ बनाइनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र होलेरीमा दाँत सम्बन्धी सम्पूर्ण उपचारका लागि डेन्टल हाइजिनिष्ट नियुक्ति गरी दाँतको उपचार सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । यस्तो सेवा जेष्ठ नागरिकहरुको लागि निशूल्क गर्ने व्यवस्था मिलाइनेछ ।
- नेपाल रेडक्रस होलेरीको पहल र तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा शहरी आँखा उपचार केन्द्र स्थापनाको प्रकृया अगाडि बढेकोले सो को लागि आवश्यक समन्वय गरीनेछ ।
- समाजमा कुपोषण न्यूनीकरण गर्न स्वास्थ्यबर्धक, पोषणयुक्त खानेकुरा  तथा खाद्य बिविधिकरण उपभोगमा प्रोत्साहन गरिनेछ।
- स्वास्थ्य सेवा पूर्वाधार संरचनालाई महिलामैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री बनाउदै लगिनेछ।
- पालिकाका सबै जनतामा स्वास्थ्य विमाको व्यवस्था गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्राथमिकतामा राखी सहयोग र समन्वय गरीनेछ ।
- स्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गरी लागु औषध दूर्व्यसन जस्ता कुलतहरुलाई नियन्त्रण तथा सुधारका लागि विभिन्न संघ संस्थाहरुसंग साझेदारी गर्ने नीति लिइनेछ ।
- मातृ तथा बाल्यकालिन पोषण स्वास्थ्य  सेवालाईघरदैलोमा पुर्याउन सबै वडामा सुनौलो हजार दिन कार्यक्रम प्रभावकारी बनाइनुका साथै कुपोषणमा परेकालाई थप उपचारको लागि पालिका स्तरिय बहिरङ उपचार केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।
- निशुल्क प्रदान गरिने औषधिलाई स्वास्थ्य संस्था मार्फत नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।साथै स्वास्थ्य संस्थामा उपलब्ध हुन नसक्ने दिर्घरोगीहरुको लागि निशुल्क औषधिको व्यवस्थाको लागि आवश्यक व्यवस्था गरिनेछ ।

- सार्बजनिक स्थान ,विद्यालय र अस्पतालको निश्चित दुरीमा मदिरा, सुर्तिजन्य पदार्थ, जङ्क फुडको प्रयोग र बिक्री वितरण निषेधित गरिनेछ।
- रुन्टीगढी गाउँपालिका भित्र सुर्तिजन्य पदार्थको प्रयोगलाई निषेध उन्मुख गर्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- संचालनमा रहेका बर्थिङ सेन्टरहरुबाट २४सै घण्टा सुत्केरी प्रसुती सेवा प्रदान गर्न आवश्यक कानुनि प्रक्रिया , पूर्वाधार तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरी थप प्रभावकारी बनाई शून्य होम डेलिभरी कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी आ व ०८१ । ०८२ भित्र शून्यहोम डेलिभरी पालिका घोषणा गरिनेछ।
- खोप कार्यक्रमलाई प्रभावकारी बनाउन गुणस्तरीय खोप कार्यक्रमको अपरिहार्यतालाई मध्यनजर गरि खोप कोल्ड चेन सब सेन्टर मापदण्ड विस्तार गरिनेछ।
- गाउँपालिकाको केन्द्रमा एउटा स्वास्थ्य उपचार तथा योग केन्द्र संचालनका लागि आवश्यक पहल गरिनेछ।
- खाद्य, गुणस्तर र जनस्वास्थ्य प्रबर्धन तथा निगरानीका लागि मापदण्ड बनाई जनस्वास्थ्य निरिक्षकको परिचालन गरिनेछ।
- निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै निजि स्वास्थ्य सस्थाबाट दिइने सेवाको विवरणलाइ सुचाना प्रणालीमा बिकास गरि सेवालाई सुलभ र गुणस्तरीय बनाईनेछ।
- जनतालाई उपचार, स्क्रिनिङ, प्रबर्धन, परामर्श सेवाको लागि समय-समयमा वडा र समुदायमा बिषशेज्ञ घुम्तीस्वास्थ्य शिबिर संचालन गरिनेछ।
- सेवालाई आफ्नो धर्म सम्झी स्वास्थ्य क्षेत्रमा अहोरात्र खट्ने महिला स्वयंसेविकाहरु प्रति उच्च सम्मान गर्दै गाउँपालिकाले प्रोत्साहनको व्यवस्था गर्ने निति लिइनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई साविकका स्वास्थ्यचौकिहरुबाट पनि संचालन गर्नेगरी सेवा विस्तारका लागि पहल गरीनेछ ।
- गर्भवती महिलाई स्वास्थ्य संस्थामा निशूल्क भिडियो एक्स रे सेवा तथा परामर्श सेवा प्रदान गर्ने प्रवन्ध मिलाइनेछ ।
- गाउँघर क्लिनिक र खोप क्लिनिकका लागि भवनको व्यवस्था गर्दै सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३ खानेपानी तथा सरसफाई नीति

- मुहान देखि मुख सम्म स्वच्छ पानीको अवधारणा अनुरुप सर्वसाधारणका लागि स्वच्छ खानेपानी उपलब्ध गराउन एक घर एक धारा कार्यक्रकलाई उच्च प्राथमिकतामा राखीनेछ साथै खानेपानीको सुद्धताको लागि मुहानको गुणस्तरको जाँच गर्ने व्यवस्था मिलाइनेछ ।
- पानिको मुहान अभाव भएका गाउँहरुमा लिफ्टिङ खानेपानिको आयोजना संचालन गरिनेछ।
- **"आफ्नो घर वरीपरी, सफा राखौ कसै गरी"**भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै जति सक्यो शिघ्र गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य लिईने छ । त्यसको लागि विभिन्न निकायसंग साझेदारी गरिने छ ।

- कुखुरा तथा बंगुर फर्महरु संचालनको अनुमति  दिँदा बजार आवास तथा वस्ती क्षेत्रबाट टाढा मात्र संचालन हुने गरी अनुमति दिईनेछ ।
- बजारक्षेत्रलाई क्रमशः प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्दै लगिने छ र गाउँपालिकाको कार्यालय र नौवटै वडा कार्यालयहरुलाई पलाष्टिक मुक्त कार्यालय घोषणा गरिनेछ ।
- बजार क्षेत्रवाट निस्कने फोहरलाई डम्पिङ साइटमा विसर्जन गर्ने र डम्पिङसाइटलाई उन्नत प्रविधिबाट व्यवस्पन गरी पुन: प्रयोगमा जोड दइनेछ ।
- पूर्ण सरसफाई गाउँपालिका घोषणाका लागि विभिन्न पवर्धनात्मक, प्रचारात्मक, अभियानात्मक कार्यक्रमहरु संचालन गरिनेछ । सरोकारवाला निकायहरुको संलग्नतामा अन्तर जिल्ला अवलोकन भ्रमण तथा सिकाई कार्यक्रमहरु संचालन गरिनेछ ।
- होलेरी बजार तथा अन्य बजारक्षेत्रबाट उत्पादित फोहरलाई मोहरमा बदलौ भन्ने अभियानका साथ गल्ने फोहर र नगल्ने फोहर छुट्टाछुट्टै संकलन गरी गल्ने फोहरबाट कम्पोष्टमल उत्पादन तथा नगल्ने फोहरको उचित व्यवस्थापनका लागि ल्यान्डफिल साईटको उचित व्यवसाथापन गरिने छ ।
- पालिका केन्द्रमा रहेको होलेरी बजार क्षेत्रमा संचालन रहको होलेरी लिफ्ट खानेपानीको सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४ कला साहित्य तथा संस्कृति नीति

- कला साहित्य र सस्कृतिको सरक्षण र प्रवद्धन गर्न पालिका स्तरिय प्रतिष्ठान गठन गरि विकास गरिनेछ ।
- गाउँगाउँमा रहेको प्रतिभालाई प्रस्फुतन गर्न विभिन्न विद्यामा (गायन, नृत्य, साहित्य, वाध्यवादन लगाएतको विद्या छनोट गर्ने गरी रुन्टीगढि प्रतिभा छनोट कार्यक्रम सञ्चालन गरीनेछ ।

५ समावेशिकरण, जेष्ठनागरीक, महिला वालविलका नीति

- परिवारबाट अपहेलित तथा स्याहार सुसार नपाएका ज्येष्ठ नागरिकहरुका लागि पुन: मिलन तथा आश्रमको व्यवस्थापनको पहल गरीनेछ । होलेरी बजारमा निर्मित ज्येष्ठ नागरिक दिवा बिश्राम केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- बालबालिकाहरुको चौतर्फी विकासका लागि मनोरञ्जनात्मक तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरु संचालन गरिनेछ।बालमैत्रि स्थानीय शासन उन्मुख कार्यक्रम संचालन गरीनेछन ।बालमैत्री स्थानीय शासनका सूचकहरु मध्य बालविवाह र बालश्रम विरुद्धको रननीतिक योजना निर्माण गरी लागु गर्ने नीति लिइनेछ ।
- महिलाका नाममा हुने सबै प्रकारका लैङ्गिक विभेद, शोषण, दमन तथा कुप्रथाहरु रोक्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- सामुदायिक विकासमा महिलाको अहम भूमिकालाई मध्य नजर गर्दै आमा समूहको क्षमता अभिबृद्धि गर्न कार्यक्रमहरु संचालन गरिनेछन । सामुदायिक सार्वजनिक कार्यका लागि आमा समूह घर निर्माणमा जोड दिइनेछ ।

- महिला, अल्पसंख्यक, अपाङ्ग तथा लक्षित वर्गहरुलाई स्थानीय शासनको मुलप्रवाहमा ल्याउनका लागि सशक्तिकरण तथा क्षमता विकासका कार्यक्रमका साथ साथै त्यस्ता वर्गहरुको जीविकोपार्जनमा सहयोग पुर्याउन आधारभूत सिपमूलक तालिमहरु संचालनमा जोड दिइनेछ ।
- महिला, अशक्त, अपाङ्गता भएका तथा एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन स्थानीय स्रोतसाधनको उपयोगबाट हस्तकलाका सामान उत्पादनमा जोड दिईनेछ।
- अपाङगता भएका,असक्त नागरिकलाई आबश्यक पर्ने सहयोगी सामाग्री वितरण तथा जिबन उपयोगी हुने खालका तालिमको व्यवस्था गरिने छ ।
- पालिका भित्र निर्माण हुने पूर्वाधारका संरचनाहरुलाई महिला,बालबालिका,अपांगता भएका व्यक्ति,जेष्ठ नागरिक तथा बालवालिका मैत्री बनाइनेछ ।

६ युवा तथा खेलकुद निती

- खेलकुदलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि खेलकुद विकास कार्यविधि बनाई लागु गरिनेछर यसको विकासको लागिगाउँपालिकामा वडाकप खेलकुद प्रतियोगिता,पालिका कप खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङशिल प्रतियोगता जस्ता खेलकुदका कार्यक्रम संचालन गरिनेछ ।

७ सामाजिक सुरक्षा नीति

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंङ्कीक प्रणालीबाट भुक्तानी गर्दा लाभग्राहीलाई सहज हुनेगरि वितरण प्रणालिलाई व्यवस्थित गर्दै वडा स्तरबाटै वितरण गर्ने कार्यलाइ निरन्तरता छ ।
- **हिम्सा पिडित** महिलाहरुलाई उद्धार तथा पुर्नस्थापना गर्न लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि संचालन गरिने छ ।
- **एकल महिला,**एच.आई.भि. संक्रमित, अपाङगता भएका ब्यक्तिलाई सिप विकास तालिम दिई जिबिकोपार्जमा टेवा पर्याईने छ ।
- **गाउँपालिका र** संघ संस्थाहरुको साझेदारीमा हिंसामा परेका महिलाहरुलाईपरामर्श तथा पैरवी सेवा प्रदान गरिने छ ।
-

**ग पूर्वाधार विकास**

१ सडक तथा पुल नीति

- सडक लगाएतभौतिक सम्पति संरक्षण, मर्मत सम्भार, आपतकालिन मर्मत, पुर्ननिर्माण एवं व्यवस्थापन गर्न मर्मत सम्भार कोषलाई थप रकम व्यवस्था गरिदै लगिनेछ ।
- सहिद मार्गको होलेरी घोराही खण्ड सिमेन्ट खानीका टिपरहरुको चापको कारण जिर्ण भई आवागमनमा साह्रै समस्या भएकोले प्रदेश सरकारको समन्वयमा बैकल्पिक औद्योगिक मार्गको निर्माणमा प्रारम्भिक अध्ययन  गरीनेछ ।
- संहिद मार्गको घोराही-होलेरी सडक मर्मत सुधारको लागि संघीय सरकारसँग बिशेष पहल गरिनेछ ।

- गाउँपालिका केन्द्र देखि वडा कार्यालय जोडने सडकको स्तरोन्नतिलाई प्राथमिकता दिइने र अन्य सहायक मार्गहरुलाई पनि क्रमश: स्तरोन्नती गर्दै लगिनेछ ।
- जनताका आबश्यकता र माग अनुसार मोटरेवल तथा विशेष प्रकृतिका झोलुङ्गे पुल निर्माण गर्ने नीति लिइनेछ ।
- होलेरी बजारमा व्यवस्थित बसपार्क निर्माण गरि संचालनमा ल्याईनेछ। सडकमा हुँदै आएका अव्यवस्थित पार्किङ निषेध गर्ने नीति लिईनेछ।साथै स्थानीय भाडा दरलाई व्यवस्थित गर्न पहल गरीनेछ ।
- गाउँपालिकाबाट तयार भएको रुन्टीगढी सडक गुरुयोजना अध्याविधक गरी कार्यान्वयनमा ल्याईनेछ।

२ भवन तथा सहरी विकास नीति

- गाउँपालिका स्तरमाआयोजनाहुने सभा समारोह तथा खेलकुद बिकास समेतलाई मध्यनजर गरि गाउँपालिकाको गौरवको आयोजनाको रुपमा बहुउद्धेश्यीय कर्बडहल सहितको रुन्टीगढी खेलमैदान निर्माण गर्न पहल गरिने छ ।
- गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको अभिलेखीकरण र नयाँ निर्माण हुने भवनहरुको नक्शा पास गरि निर्माण ईजाजत पत्र दिने कार्यलाई निरन्तरता दिईनेछ।बजार क्षेत्रका घरहरुलाई अनिवार्य नक्सा पासको व्यवस्था गरिने छ ।
- पालिका भित्र भू-उपयोग योजना बनाई कडाईका साथ लागू गर्दै व्यवस्थित बस्ति, कार्यालय, शैक्षिक संस्था, अस्पताल, उद्योग, कलकारखाना, खेतीयोग्य जमिन तथा खेलकुद पूर्वाधारलाई उचित स्थानमा व्यवस्थापन गरिनेछ।
- पुरातात्विक महत्वका संरचनाहरुको अनुसन्धान एवं जिर्णोद्वार गरि संरक्षण गरिनेछ।
- संयुक्त लगानीमा निर्माण गर्न सकिने अतिथि गृह, प्राविधिक शिक्षालय, स्नातक तहसम्मको अध्ययन, प्राकृतिक उपचार केन्द्र जस्ता परियोजना संचालन गर्न संभाव्यता अध्ययन गरिनेछ।
- यस पालिका क्षेत्र भित्रका होलेरी, सुर्पाल, सैवाङ,दहवन, चौखे, डुब्रिङ, गोरिनेटा बजार क्षेत्रलाई व्यवस्थित बजारका रुपमा विकास गरिनेछ।बजार क्षेत्रमा भएको अनियन्त्रित अतिक्रमणलाई नियन्त्रण गर्ने नीति लिइनेछ ।गाउँपालिकाको केन्द्र होलेरी बजार क्षेत्रमा रहेका अव्यवस्थित टहराहरुलाई व्यवस्थापन गर्न विशेष पहल गरिनेछ ।

३ सूचना तथा संचार नीति

- फोन तथा मोवाईल सेवाबाट कोही पनि वञ्चित हुन नपर्ने गरी गाँउपालिकाका नेटवर्क नपुगेका स्थानहरुअमिले गोठिवन र चिन्नेथान आसपासको क्षेत्रमा टेलिफोन टावर विस्तार गरिनेछ ।
- अप्टीकल फाईवर सिस्टमबाट गाउँपालिका भरी भरपर्दो नेटको सुविधा विस्तार गर्न आवश्यक पहल गरिने छ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको लागि आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त हुनस्कने गरीआवश्यक व्यवस्था मिलाईनेछ ।
- एक संचार माध्यम, एक सामाजिम दायित्व कार्यक्रम अन्तरगत स्थानीय संचार माध्यम संग समन्वय गरी गाँउपालिकाका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछन् ।

- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्धन र विकास गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- यस गाउँपालिकाको व्यस्त बजारक्षेत्र र महत्वपुर्ण स्थानहरुमा निगरानी तथा सुरक्षा व्यवस्थाको लागि सडक बत्ति तथा सि.स. क्यामेरा जडान गरीनेछ ।यसका साथ साथै फ्रि वाइफाई जोनको रुपमा पनि विकास गरिनेछ।
- **सुचनालाई थप** प्रभावकारी विश्वसनिय छरितो रुपमा जनसमुदायमा प्रबाह गर्न गाउँपालिका भित्रका संचार माध्यमहरुसँग समन्वय गर्दै गाउँपालिकावाट प्रबाहहुने जनचेतना मुलक सन्देश, सूचना, विज्ञापन समानरुपमा वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- नागरिक वडापत्र सेवाग्राहीले वुझ्ने गरी राखीएको डिजिटल बोर्डलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- सेवाग्राहीको जिज्ञासा गुनासो सम्धोन सयन्त्रलाइ सवलिकरण गरिनेछ ।
- गाउँपालिकाले संचालनमा ल्याएको सफ्टवेयर र वेवसाईटलाई थप व्यवस्थित गरी संचालन गरिनेछ

४ उर्जा लघु तथा साना जलविद्युत नीति

- विद्युतको पहुँच नभएको क्षेत्रमा विद्युत विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका उज्यालो बनाउने अभियान अन्तर्गत गाउँपालिकाभित्रका मुख्य मुख्य सार्वजनिक स्थानहरु सडक, पाटी पौवा, देबस्थल, कार्यालयहरुमा बैकल्पिक उर्जा अन्तर्गत सौर्य सडक बत्ती जडान गरिने छ ।
- व्यावसायिक पशुपालन गर्ने कृषकहरुको लागि घरायसी इन्धनको रुपमा गोवरग्याँस स्थापना गर्नको लागि सहुलियतको व्यवस्था गरिनेछ ।

## घ वन वातावरण तथा विपद व्यवस्थापन

१ भु तथा जलाधार संरक्षण नीति

- पहिरो तथा वाढी जान सक्ने स्थानहरुको पहिचान गरी तटबन्धन निर्माणको व्यवस्था मिलाईने छ ।
- जलश्रोतका मुहान संरक्षणको लागि बृक्षारोपनका साथ साथै आवश्यक स्थानहरुमा तटबन्धको निर्माण गर्दै लगिनेछ ।

२ जलवायू परिवर्तन अनुकुलन नीति

- विपद् व्यवस्थापन तथा उद्धार प्रतिकार्य योजना अनुसार कार्क्रम तय गरी कार्यान्वयन गरिने छ ।
- विपद तथा प्रतिकार्यको अवस्थासंग जुध्नको लागि विपद् व्यवस्थापन कोष स्थापना र त्यसको संचालनको लागि विपद व्यवस्थापन कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याइएकोछ । यसलाई समय सापेक्ष अद्यावधिक गर्दै लगिनेछ । राहात उद्धार, विपद सूचना, विपद प्रतिकार्य जस्ता कार्यलाईव्यवस्थित वनाउन समय समयमा तालिमहरु संचलन गरिने छ ।
- जलवायु परिवर्तनको असरबाट पर्ने हुने जोखिमलाई कम गर्नको लागि जलवायु अनुकुलन योजनाहरुको निर्माण तथा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

३ जल उत्पन्न प्रकोप व्यवस्थापन नीति

- पालिका भित्र हुने बाढी पहिरो,आगलागी, भूकम्प जस्ता प्राकृतिक प्रकोप तथा मानव सृजित विपत्तिमा तुरुन्त खोज उद्धार तथा राहात प्रदान जस्ता कार्यलाई प्रभावकारी बनाउन पालिकाले नेपाल प्रहरी, नेपाल रेडक्रस तथा अन्य संघ संस्थाहरुसंग समन्वय गरी काम गर्ने नीति लिइनेछ ।

४ वातावरण तथा फोहोरमैला व्यवस्थापन नीति

- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी बनहरुको संरक्षण, सम्वर्धन तथा उपयोग गर्दै दिगो बिकासका माध्यमबाट योजनाहरु संचालन गर्ने नीति लिइनेछ ।
- एक वडा एक नमुना बन कार्यक्रम संचालन गरिने छ । वन उपभोक्ता महासंघ, वन डिभिजन, सव डिभिजन कार्यलय तथा सामुदायिक वनहरुको सझेदारी तथा समन्वयमा यो अभियानलाई तीब्रता दिईने छ
- गाउँपालिका क्षेत्रमा रहेका विभिन्न सामुदायिक तथा सरकारी वनहरुमा गुँरास फुल्ने, काफल लगायतका बन्य फलहरु फल्ने र जंगली जनावर तथा पशु पक्षी प्रशस्त पाईने भएकाले यसको संरक्षणका लागि संरक्षण क्षेत्र घोषणा गर्ने प्रकृया अगाडी वढाईने छ । यसका लागि सम्वन्धित निकायमा साझेदारी र समन्वय गरिने छ।
- सफा र हरियाली गाँउपालिका निर्माणका लागि सडक किनारामा सौदर्यबर्द्धक वृक्षारोपणकार्य संचालन गरिने छ।गाउँपालिकाका मुख्य बजार क्षेत्रको सडक किनारामा रुख रोप्ने कार्यलाई प्राथमिकतामा राखिनेछ। मेरो गाउँ हरियो गाउँ अभियान अन्तर्गत प्रत्येक घर धनीले आफ्नो घर अगाडि दुई वटा रुखका विरुवा र फुल रोप्ने अभियान संचालन गरिनेछ ।
- जडिबुटी पकेट क्षेत्रहरुको पहिचान यसको संरक्षण प्रबर्द्धन तथा उपयोगको नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रका खाली स्थानहरुमा वन कार्यालय तथा सामुदायिक वनहरुसंग समन्वय गरी विरक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ ।यस गाउँपालिका अन्तर्गत हुने सम्भावित विपद् जोखिमका क्षेत्रहरु पहिचान गरिनेछ ।
- वन क्षेत्रलाई सम्मृद्धिको आधारको रुपमा विकास गरी वनबाट आम्दानी, रोजगार सृजना र त्यसबाट जनताको जीवनस्तर उकास्न कार्यक्रम ल्याइनेछ ।
- खानी, खनिज पदार्थ उत्खनन्, निर्माणकार्य तथा अन्य मानवीय कृयाकलापबाट वातावरणमा पर्ने असर न्यूनिकरण गर्न अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- खाली जमिनमा वृक्षारोपन गर्ने नीति लइनेछ ।

**ङ सुशासन तथा संस्थागत**

१ अन्तरीक आय वृद्धि,कर, राजश्व परीचालन नीति

- आगामी आ.ब. सम्म यस गाउँपालिका भित्र ब्यबसाय गर्ने ब्यबसायीहरुले ब्यबसाय दर्ता गरे नगरेको पहिचान गरि भ्याट र पानमा आबद्ध हुन पहल गरिने छ ।
- आन्तरिक आयबढाउन करको दर घटाउँ दायरा बढाउँ अभियान संचालन गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व सम्भाव्यता अध्ययन प्रतिबेदनको सिफारिसलाई कार्यान्वयन गरिने छ ।
- यस गाउँपालिकाबाट निकासी हुने बस्तुहरुको पहिचान गरी निश्चित कर लगाईनेछ ।

- निजी जग्गाबाट निकासी हुने ढुगां, गिट्टी तथा बालुवाबाट तोकिएको कर संकलन गरिने छ । यस कार्यलाई व्यवस्थित गर्न कार्यविधि स्वीकृत गरी लागू गरिनेछ ।
- गाँउपालिकाका विभिन्न क्षेत्रवाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- राजश्व प्रशासन शाखालाई थप सुदृढ गर्दै लगिनेछ । वडा र गाउँपालिकावाट संकलन हुने राजश्वलाई सफ्टवेयर प्रणालीवाट संकलण गरिने छ।
- दर्ता नगरी गाडी वा मोवाईल ब्यापारको रुपमा संचालन गरिने व्यापार व्यवसायलाई उद्योग वाणिज्य संघसँगको समन्वयमा व्यवस्थित गरिने छ ।
- बजार अनुगमनलाई व्यवस्थित गरी व्यवसायिक राजश्व संकलनमा बृद्धि गरिनेछ ।

२ मानव संशाधन नीति

- पालिका स्तरमा संचालित साना सवारी साधनहरुको व्यवस्थापनको लागि कार्यविधि बनाई थप व्यवस्थित र सुरक्षित बनाइनेछ ।
- शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यको थालनी गरी काम गर्ने कर्मचारीलाई उत्प्रेरित गर्ने नीति लिइनेछ ।
- संघीय सरकार,प्रादेशिक सरकार र स्थानीय तहको ऐन नियमानुसार गाँउ कार्यपालिकालाईआवश्यक पर्ने श्रोतको व्यवस्था हेरी संगठन संरचना र दरवन्दी श्रृजना गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोको प्रतिवेदनका आधारमा रिक्त दरबन्दीको पदपूर्ति गरिनेछ ।
- गाँउपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त,विश्वसनिय, क्षमतायुक्त र प्रभावकारी वनाईनेछ ।
- गाउँपालिकालाई बिभिन्न समयमा आईपर्ने विषयलाई सम्बोधन गर्न निम्न बमोजिमका कोषहरुको व्यवस्थापन र परिचालनका लागि आवश्य कानुनी व्यवस्था गरिने छ ।
- मर्मत संभार कोष
- कर्मचारी कल्याण कोष
- प्राकृतिक विपद उद्धार विशेष कोष
- लक्षित वर्ग (महिला, बालकालिका,फरक क्षमता ) विकास विशेष कोष
- कर्मचारीहरुमा हराउदै गएको पेशागत मर्यादा, अनुशासन, उत्तरदायित्व, जवाफदेहीताको भावनालाई सदाचार शिक्षा, क्षमता विकास तालिम, आचार संहिता तयारी तथा कार्यान्वयनको माध्यमबाट पुनस्थापित गरिनेछ ।सबै कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरिनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाउँपालिकाकोयथार्थ र बस्तुगत तथ्याङ्क संकलन गरी डिजिटल पाश्र्वचित्र बनाउने कार्य अन्तिम चरणमा पुगेको छ यसलाई समय सापेक्ष अद्यावधिक गर्दै लगिनेछ । जसबाटगाउँपालिकाको बस्तुपरक योजना बनाउने कार्यमा प्रयोग गर्ने ।

## ४ सुशासन सगठन विकास तथा कार्यालय व्यवस्थापन नीति

- गाउँपालिकाबाट विभिन्न कार्यहरु गर्दा सार्वजनिक निजि साझेदारी मोडेलमा गर्ने नीती लिइनेछ।
- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ
- गाउँपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राही मैत्री बनाउदै व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिदै र भ्रष्टाचार तथा अनियमितता जस्ता कार्यहरुलाई नियन्त्रण गर्नकालागिशुन्यसहनशीलताकोनीतिअवलम्वनगरिनेछ।
- कार्यप्रणालिलाई सरलीकरण गर्नको लागि आवश्यक ऐन,नियम, कार्यविधिआदिको निर्माण गरी लागू गरिनेछ ।
- आर्थिक क्रियाकलापमा आएको संकुचनसंगै आन्तरिक आय, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजश्व वाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ख्याल गर्दै आन्तरिक तथा चालु खर्च पद्धतिलाई मितव्ययी र व्यवस्थित गरिनेछ । यसका लागि कार्यालयमा हुने इन्धन लगायतका अन्य चालु खर्चलाई मापदण्ड लागु गरी निश्चित सिमा भित्र राख्ने नीति लिइनेछ।

## ४ सार्वजनिक खर्चमा मितव्ययी नीति

- गाउँपालिका भित्र सञ्चालन गरीने औपचारीक तथा अनौपचारीक कार्यक्रमहरुमा खादा व्याच जस्ता खर्चिला सामाग्रीहरुलाई पुर्णरुपमा वन्द गरीनेछ ।
- पालिकामा हुने खर्चलाई मितव्ययी र एकरुपता कायम गर्न सार्वजनिक खर्चको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५ सामाजिक परिचालन र टोल विकास नीति

- यस गाउँपालिका अन्तरगत वडा नं. १ लिवाडी आँप, वडा नं. ८ कुर्जार वडा नं. ३ लखनामा प्रहरी चौकी स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- यस गाँउपालिका क्षेत्रभित्र जुवातास जस्ता अनैतिक कृयाकलापहरु बन्द गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।
- गाँउपालिका क्षेत्रभित्र बिक्रि वितरणको उद्देश्य राखि उत्पादन गरिने घरेलु मदिरालाई लेविलङ र व्राण्डिङ गरीनेछ ।
- **सुरक्षित** नागरिक आवास कार्यक्रम अन्तर्गत बिपन्न परिवारका लागि खरको छाना विस्थापित गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- **उपभोक्ताहरुको** हकहित संरक्षणकालागि गुणस्तरिय परिक्षण र नियमित अनुगमन मार्फत उपभोग्य बस्तुहरुको गुनस्तरता सुनिस्चित गरिने छ ।
- टोल विकास तथा सामुदायिक संघ संस्थाहरुको गठन गरी उनीहरुकै सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, सस्ंथागत विकास, आयमूलक एवं सीपमूलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

- नागरिकता, अपाङ्ग परिचय पत्र वितरण, पंजिकरण ,स्वास्थ्य सेवा समेत गरी जन चासोका सबै विषयहरुलाई स्थलगत रुपमा सम्बोधन गर्न एकीकृत घुम्ती शिविर संचालन गर्ने नीति लिइनेछ
- पालिकामा संचालन हुने विकास निर्माण तथा अभियानहरुमा टोल विकास संस्थाहरुको अहम भूमिकालाई मध्यनजर गर्दै टोल विकास संस्थाहरुको गठन तिनको क्षमता विकास तथा साझेदारी गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६ न्याय सम्वन्धि नीति

- न्यायिकसमितिकोकार्यलाई थप व्यवस्थितगर्न न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि कार्यक्रम संचालन गरिनेछ ।
- वडा स्तरमा न्यायको पहुँच अभिबृद्धि गर्न सबै वडमा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ । मेलमिलापकर्ता तथा केन्द्रको क्षमता विकासमा ध्यान दिइनेछ ।

अन्तमा, विभिन्न नीतिगत र कानूनी दस्तावेजहरु तयार पार्दै विकासको भाग्य रेखा कोर्ने सोच राखेकै समयमा देसमा आएको आर्थिक मन्दीको प्रभावबाट साधन र श्रोतको सिमितता विच जनताका असिमित आवश्यकतालाई सम्बोधन र हामी प्रतिको विश्वासलाई कायम राख्न पर्ने गहन जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

यो नीति तथा कार्यक्रम**"खुसी र समृद्धीः अवको रुन्टीगढी"** भन्ने गाउँपालिकाको मूल मन्त्रलाई यथार्तमा परिणत गर्ने मार्गदर्शक दस्तावेज हो । रुन्टिगढी गाउँपालिकाको एक्लो प्रयासबाट मात्रै अपेक्षित उपलब्धी हासिल गर्न पक्कै संभव छैन ।सरकारी ,निजी , गैर सरकारी ,सामुदायिक तथा सहकारी संस्थाहरुको संयुक्त् प्रयास,समन्वय र सहकार्यमा यो नीति तथा कार्यक्रम सफल तथा प्रभावकारी कार्यान्वयन हुने विश्वास व्यक्त् गर्दै रुन्टिगढीको विकास र समृद्धिको यात्रामा सबैको सहभागिताका लागि हार्दिक आह्वान गर्दछु । म यस अवसरमा सबै प्रति आभार तथा धन्वाद व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद ।**